बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/१२/११

**प्रस्तावनाः** कृषकलाई कृषि पेशामा आवद्ध गरी खाद्य सुरक्षा, जिविकोपार्जनमा सहजता तथा रोजगारीको अवसरलाई वृद्धि गर्न तथा मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न वाञ्छनीय भएकोले, प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " **मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

क. **"आवेदक"** भन्नाले कार्यक्रम सञ्चालन गर्न ईच्छुक आर्थिक हिसाबले विपन्न एवम अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवम् पिछडिएका जातजातीहरु, उक्त बाहुल्य संख्यकबाट गठित कृषक समूह, कृषि सहकारी र कृषि तथा पशुपन्छी फर्मलाई सम्झनु पर्छ ।

ख. **"कार्यक्रम"** भन्नाले मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम सम्झनु पर्छ ।

ग. **"कार्यालय"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि विकास कार्यालय तथा पशु सेवा कार्यालय सम्झनु पर्छ ।

घ. **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

ङ. **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

च. **"मूल्याङ्कन समिति"** भन्नाले दफा ७ अनुसार गठित समिति सम्झनु पर्छ ।

छ. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

ज. **"साझेदार"** भन्नाले कार्यक्रममा छनौट भएका आवेदकलाई सम्झनु पर्छ ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. **कार्यक्रम सञ्चालनः** यो कार्यक्रम प्रदेशभर लागू हुनेछ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

४. <u>सञ्चालन गर्न सकिने कृषि, पशुपन्छी तथा मत्स्यजन्य सह-क्षेत्रः</u> आवेदकले अनुसूची-१ बमोजिमको कृषि, पशुपन्छी तथा मत्स्यजन्य कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

५. <u>सूचना प्रकाशनः</u> (१) कार्यक्रम संचालनको लागि निर्देशनालय/कार्यालयले २१ दिनको म्याद राखी अनुसूची- २ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक ७ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

६. <u>प्रस्ताव दर्ताः</u> आवेदकले अनुसूची-३ बमोजिमको निवेदनको साथ सोही अनुसूचीमा उल्लेखित कागजातहरु र अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र सम्बन्धित कृषि विकास निर्देशनालय/कृषि विकास कार्यालय (कृषि व्यवसाय तर्फको हकमा) र सम्बन्धित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/पशु सेवा कार्यालय (पशुपन्छी र मत्स्य व्यवसाय तर्फको हकमा) मा आवेदन दर्ता गर्नु पर्नेछ ।

७. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार छनौटको सिफारिस गर्न निर्देशनालय/कार्यालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क. प्रमुख वा निजले तोकेको अधिकृत, निर्देशनालय/कार्यालय | -संयोजक |
| ख. अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय/कार्यालय | -सदस्य |
| ग. योजना हेर्ने अधिकृत, निर्देशनालय/कार्यालय | -सदस्य |
| घ. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/कार्यालय | -सदस्य |
| ङ. प्रमुख, खरिद इकाई, निर्देशनालय/कार्यालय | -सदस्य-सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) आवश्यकतानुसार मूल्याङ्कन समितिले मूल्याङ्कनका मापदण्ड तयार गरी निर्देशनालय/कार्यालयवाट स्वीकृत गर्न सक्नेछ ।

८. <u>साझेदार छनौट र सम्झौताः</u> (१) छनौट भएको साझेदारलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

(२) छनौट भएका साझेदारसँग निर्देशनालय/कार्यालयले अनुसूची-५ बमोजिम सम्झौता गर्नेछ । साझेदारले सम्झौता गर्नु अघि अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिबद्धता पेश गर्नुपर्नेछ । निर्देशनालय/ कार्यालयले तोकेको समयावधी भित्र साझेदार

(३) सम्झौता-पत्र सगै साझेदारलाई सम्बन्धित व्यवसायको उन्नत प्रविधि ( Improved Package and Practices) उल्लिखित लिफ्लेट/जानकारीमूलक पुस्तक/प्राविधिक परामर्श उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद -३

## आर्थिक पक्ष

९. सम्झौता रकमः (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । कार्यक्रम सञ्चालनको लागि कुल लागतको एकमुष्ठ बढीमा ८५ प्रतिशत वा प्रति आवेदक बढीमा १ लाख सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ ।

(२) यस कार्यक्रमवाट प्रदान गरिने प्रोत्साहन रकम अनुसूची-१ मा उल्लेखित व्यवसायको उत्पादन तथा उत्पादकत्वमा वृद्धि तथा स्व-रोजगारको अवसर हुने कार्यको लागि खर्च गर्नुपर्नेछ ।

(३) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(४) कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत कार्य सम्पन्नको फोटोको आधारमा एकै किस्तामा साझेदारको बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

## परिच्छेद -४

## अन्य व्यवस्था

१०. साझेदारको काम र कर्तव्यः साझेदारको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

क. उन्नत कृषि प्रविधि अनुशरण गर्न अग्रसर हुने,

ख. कम्तिमा ३ वर्ष सम्म व्यवसायलाइ निरन्तरता दिनु पर्नेछ,

ग. जुन उद्देश्यका लागि रकम लिएको हो सोही उद्देश्यका लागि मात्र रकम लगानी गर्नुपर्नेछ,

घ. निरीक्षणको क्रममा प्राविधिकले सिफारिस गरेका सुझावहरु अवलम्बन गर्नुपर्नेछ ।

११. दोहोरोपना नहुनेः यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

१२. कारबाही सम्बन्धी व्यवस्थाः साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१३. <u>**संशोधनः**</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१४. <u>**प्रचलित कानुन बमोजिम हुनेः**</u> यस कार्यविधिमा उल्लेख भएका विषय बाहेकका अन्य विषयहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजीम नै हुनेछ ।

## अनुसूची- १

(दफा ४ सँग सम्बन्धित).

| कृषि सम्बन्धी व्यवसाय | | पशुपन्छी तथा मत्स्य सम्बन्धी व्यवसायहरु | |
|---|---|---|---|
| १ | तरकारी खेती | १ | गाईपालन |
| २ | फलफुल खेती | २ | भैसीपालन/पाडापालन |
| ३ | अन्न बाली | ३ | बाख्रापालन/भेडापालन/च्याङ्गापालन |
| ४ | तेलहन | ४ | मत्स्यपालन |
| ५ | दलहन | ५ | दुग्ध संकलन/प्रशोधन |
| ६ | रैथाने बाली | ६ | बट्टाई पालन |
| ७ | मसला बालीः अलैची, अदुवा, बेसार, ज्वानो, दालचिनी आदि), | ७ | लोकल कुखुरापालन/रैथाने कुखुरा |
| ८ | मौरीपालन | ८ | हाँसपालन |
| ९ | च्याउ खेती | ९ | बंगुरपालन |
| १० | रेशम खेती | १० | खरायोपालन |
| ११ | पुष्प खेती | ११ | मासु विक्रि पसल |
| १२ | कन्दमुल खेतीः पिडालु, तरुल, गिट्ठा, भ्याकुर, सकरखण्ड आदि | १२ | माछापालन/मत्स्यजन्य व्यवसाय |
| १३ | कुटिर उद्योगः मुलाको चाना, सिन्की, गुन्द्रुक बनाउने | १३ | आवश्यकताका अन्य कृषि, पशुपन्छी तथा मत्स्यसँग सम्बन्धित व्यवसायहरु |
| १४ | तरकारी, आलु,च्याउ आदिको प्रशोधन | | |
| १५ | साना कृषि/पशुपन्छी औजार उपकरण | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -२

(दफा ५ को उपदफा १ सग सम्बन्धीत)

<u>सूचना</u>

प्रथम पटक प्रकाशित मिति : ......./..../....

निर्देशनालय/ कार्यालयले........को आ.व.......मा सञ्चालन हुने मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनको लागि इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित निर्देशनालय/केन्द्रमा तोकिएको ढाँचामा आवेदनसहित तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन दर्ता गर्नुहुन आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>संलग्न गर्नुपर्ने कागजात</u>

१. अनुसूची- ३ अनुसारको आवेदन,

२. संस्था दर्ता, कर चुक्ता र PAN/VAT दर्ता,

३. व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि,

४. आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछडिएका जातिहरु खुल्ने परिचयपत्र को प्रतिलिपी वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ स्थानिय तह/ वडाको सिफारिस,

५. निवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको भनि सम्बन्धीत स्थानीय तहको आधिकारीक सिफारिस पत्र,

६. अन्य आवश्यक कागजात ।

**पुनश्चः** मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ मन्त्रालयको बेवसाईट www.molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची- ३<br>(दफा ६ सँग सम्बन्धित)<br>**आवेदन फारम**

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

मितिः

श्रीमान प्रमुख ज्यू,
निर्देशनालय / कार्यालय
............................ ।

**विषयः कार्यक्रममा समावेश हुन पाउ ।**

महोदय,
प्रस्तुत विषयमा तहाँ..... निर्देशनालय / कार्यालयवाट सूचना प्रकाशन भए अनुसार मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनको लागि तपसिलको कागजात र विवरण सहित यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. संस्था दर्ता र PAN/VAT दर्ता,
२. व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि,
३. अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछडिएका जातिहरु खुल्ने परिचयपत्र को प्रतिलिपी वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ स्थानिय तह/ वडाको सिफारिस,
४. निवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको भनि सम्बन्धीत स्थानीय तहको आधिकारीक सिफारिस पत्र,
५. व्यवसायको प्रस्तावित क्रियाकलापहरुः-

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमवाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदक

नाम र ठेगानाः

सम्पर्क नं.

माननीय प्रकाश श्रेष्ठ मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची –४

(दफा ६ सगँ सम्बन्धित)

<u>प्रतिबद्धता पत्र</u>

............................को मिति..............................को सूचना अनुसार मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>आवेदकको तर्फबाट</u>

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -५

दफा ८ को उपदफा (२) सँग सम्बन्धित

<u>सम्झौता - पत्र</u>

..........................कार्यालय,......(यसपछि प्रथम पक्ष भनिने) र ................................ (यसपछि दोस्रो पक्ष भनिने) बीच मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को अधिनमा रहि तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी ............................ कार्यालयको आ.व ........ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनका लागि द्वि-पक्षीय सम्झौता गरी बुझिलियौं/दियौं ।

<u>शर्तहरु:</u>

१. यो सम्झौता दुबै पक्षहरुबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।
२. यो सम्झौता अनुसारको आयोजना तल उल्लिखित कार्यअवधि भित्र सम्पन्न गर्नुपर्ने छ । विशेष परिस्थितिमा समान्यतया दुबै पक्षको लिखित सहमतीमा यो सझौताको अवधि थप वा घट हुन सक्नेछ। उपरोक्त अनुसारको सहमती नभएसम्मका लागि यो उप-आयोजनाको अवधि निम्नानुसार हुनेछ।

| सम्झौता प्रारम्भ मिति | सम्झौता सम्पन्न हुने मिति |
|---|---|
| वर्ष/ महिना/ दिन<br>......../...../...... | वर्ष/ महिना/ दिन<br>......../...../...... |

३. प्रथम पक्षले मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालनको लागि स्वीकृत गरिएको विनियोजित अधिकतम प्रोत्साहान रकम रु. ..............(अक्षरेपि..........................) मध्ये दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रकम रु. ............... कट्टा गरी दोस्रो पक्षलाई बढीमा रु. ........(अक्षरेपि..............) बराबरको प्रोत्साहन सहयोग रकम प्रदान गर्नेछ ।
४. स्वीकृत क्रियाकलाप र बजेट अनुसार आयोजनाको कुल लागत अनुमान रु. ........(अक्षरेपि..............) रहेको छ । दोस्रो पक्षले कुल कार्यक्रम लागतको रकम रु. ........(अक्षरेपि..............) बरावरको लागत सहभागिता सहित सम्झौतामा उल्लिखित क्रियाकलापहरु तोकिएको समयावधि भित्र सम्पन्न गर्नुपर्नेछ । विनियोजित रकमबाट नियमानुसार कर कट्टी भइ प्रथम पक्षले रकम उपलब्ध गराउनेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

५. दोस्रो पक्षले यस सम्झौतामा उल्लिखित क्रियाकलापहरु उच्च गुणस्तर कायम गरी स्वीकृत बजेट, लागत अनुमान, र स्पेशिफिकेसनको परिधिभित्र रही सम्पन्न गर्नुपर्नेछ ।

६. दोश्रो पक्षले आयोजना सम्पन्न गरेपश्चात नियमानुसारको सक्कलै बिल, भरपाई, निर्माण/पूँजिगत कृयाकलापको हकमा प्राविधिक मुल्याङ्कन/कार्यसम्पन्न प्रतिवेदन, योजना सँग सम्वन्धित फोटोहरु, कार्यसम्पन्न तथा भुक्तानी माग सम्बन्धमा साझेदार कृषक समुह/सहकारीको बैठकको निर्णय प्रतिलिपि र आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गर्नुपर्नेछ । प्रथम पक्षले सम्पन्न कृयाकलाप/आयोजनाको स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच गरी वास्तविक कार्यप्रगति र अनुगमन/मुल्याङ्कन प्रतिवेदनको आधारमा मनासिव ठहरेमा प्रथम पक्षले स्वीकृत प्रोत्साहन रकम उपलब्ध गराउनेछ।

७. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यहरुको अनुगमन/निरीक्षण गरी सम्झौता बमोजिम कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोस्रो पक्षले अनिवार्य रूपमा पारदर्शिताका लागि परियोजनाको विवरण झल्कने गरि आयोजना स्थलमा सबैले देख्ने गरी होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ । आयोजनाको स्थलगत अवलोकन एवं निरीक्षणका क्रममा आयोजना स्थलमा योजना सम्बन्धि संक्षिप्त विवरण सहितको होर्डिङ्ग बोर्ड नराखेको पाइएमा सो बापतको रकम भुक्तानी गर्न कार्यालय बाध्य हुने छैन । दोस्रो पक्षले अनुसूची-४ बमोजिम प्रतिबद्धता पेश गर्नुपर्नेछ ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनाका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. कार्यक्रम सञ्चालनार्थ आवश्यक पर्ने जग्गा सम्बन्धित साझेदार स्वयंले व्यवस्था गर्नुपर्नेछ ।

११. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१२. कार्यक्रम सञ्चालनकोक्रममा कुनै विषय हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१३. दोश्रो पक्षले पहिलो पक्षसँग सम्झौता बमोजिमको क्रियाकलापहरु सम्पन्न नगरी वा फर्जी कार्य देखाई प्रोत्साहान अनुदान रकम बुझेको पुष्टी भएमा हिनामिना भएको रकमलाई सरकारी हिनामिना सरह मानि जरिवाना सहित दोश्रो पक्षबाट असुल उपर गरिनेछ ।

१४. यस सम्झौतामा उल्लिखित बुँदाहरुको हकमा यसै सम्झौता बमोजिम तथा बाँकी/उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| **दोश्रो पक्षको तर्फबाट** | **पहिलो पक्षको तर्फबाट** |
| --- | --- |
| हस्ताक्षर<br><br>.......................................<br><br>नाम :<br><br>पद :<br><br>संस्थाको छाप : | हस्ताक्षर<br><br>.................................<br><br>नाम :<br>पद :<br><br>कार्यालयको छाप : |
| साक्षी<br><br>..............................................................<br><br>नामः<br><br>पदः सदस्य<br><br>संस्थाको नाम : | साक्षी<br><br>..............................................................<br><br>नामः<br><br>पदः<br><br>संस्थाको नाम : |

नोट : आयोजनाको स्वीकृत क्रियाकलाप र लागत अनुमान तथा अनुसूचिमा संलग्न कागजपत्रहरु सम्झौताको अभिन्न अंग मानिने छन ।

इति सम्वत्      साल      महिना      गते रोज      शुभम् ।